**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १६३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार ११ गते बुधबार ❑ 25 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## भ्रष्टाचारमा मबाटै छानबिन सुरु गर्न सकिन्छ : डा. बाबुराम भट्टराई

पोखरापत्र संवाददाता
पोखरा, १० असार

नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले आफू कहिल्यै भ्रष्टाचारमा संलग्न नभएको दाबी गर्दै अहिले पनि आफुबाटै छानबिन सुरु गर्न चुनौती दिनुभएको छ।

नयाँ शक्ति गण्डकी प्रदेशले मंगलबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै उहाँले देशमा तीन ठुला दलबाट भ्रष्टचार भएको दाबी गर्दै आफुमा कुनै शंका लागेमा आफुबाटै छानविन गर्न सकिने बताउनु भएको हो । डा. भट्टराईले भन्नुभयो "मैले कहीँ कतै राज्यलाई एक रुपैयाँ नोक्सान हुने काम गरेको प्रमाण छ भने म तयार छु, छानबिन मबाटै सुरु होस् ।" उहाँले विगतदेखि अहिलेसम्म आफूविरुद्ध कसैले



पनि भ्रष्टाचारको आरोप लगाउन नसकेको बताउनुभयो। भ्रष्टाचारमा लिप्त ठेकेदार, कमिसनखोर र तिनलाई संरक्षण गर्ने दलहरूकै कारण देशको विकास प्रक्रिया प्रभावित भएको उहाँको भनाइ थियो। "चुनाव जित्न ठेकेदारसँग पैसा लिएर सत्तामा पुग्ने र त्यसपछि राज्यकोषको दोहन गर्ने प्रविधि अहिले संस्थागत बनेको छ," भट्टराईले आरोप लगाउनुभयो । उहाँले नेपाली कांग्रेस, नेकपा एमाले र पछिल्लो चरणमा माओवादी केन्द्र समेतले भ्रष्टाचारलाई संस्थागत बनाएको आरोप लगाउनुभयो।

राजनीतिक स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली र पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्नेमा समेत उहाँले जोड दिनुभयो । "राजनीतिक भ्रष्टाचारको मूल जड वर्तमान निर्वाचन प्रणाली नै हो" भट्टराईले भन्नुभयो। उहाँले आफूहरू जनमत निर्माण गर्दै वैकल्पिक शक्तिका रूपमा अगाडि बढिरहेको पनि बताउनुभयो । "हामी सत्तामा पुग्दा वैकल्पिक राजनीतिक संस्कार के हो भन्ने देखाउनेछौं," अध्यक्ष भट्टराईले भन्नुभयो । त्यसैगरी, गण्डकी प्रदेशका ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्री एवं समाजवादीका प्रभावशाली नेता फरेन्द्रराज देवकोटाले पार्टीलाई संगठनात्मक रूपमा विस्तार गर्न भदौ १४ गतेभित्र सबै वडाहरूमा सम्मेलन तथा भेला गर्ने कार्यक्रम रहेको जानकारी दिनुभयो।

आउँदो भदौ २१ गते पालिकास्तरीय सम्मेलन, २८ गते जनवर्गीय मोर्चा तथा सङ्घ-संगठनहरूको भेला र कात्तिक १५ गते प्रदेश सम्मेलन गर्ने निर्णय पार्टीले निर्णय गरेको उहाँले जनाउनु भयो। बैठकले गण्डकी प्रदेश महाधिवेशन समितिको संयोजकमा नेत्र चापागाईंलाई जिम्मेवारी दिने निर्णय पनि गरेको मन्त्री देवकोटाले जानकारी दिनुभयो।

## पोखरामा उत्पादनमा आधारित प्रोत्साहन

पोखरापत्र संवाददाता
पोखरा, १० असार

पोखरा महानगरपालिकाले कृषकलाई उत्पादनमा आधारित प्रोत्साहन प्रदान गर्ने भएको छ।

महानगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रममा कृषि तथा पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भरता बढाउँदै खाद्य सुरक्षा र कृषकको आम्दानी वृद्धिमा जोड दिँदै उनीहरूलाई उत्पादनमा आधारित प्रोत्साहन प्रदान गरिने उल्लेख गरिएको छ। 'उत्पादनमा वृद्धि, महानगरको समृद्धि' भन्ने अवधारणाअनुरूप कृषिको आधुनिकीकरण, विशिष्टीकरण, विविधीकरण र व्यावसायिकीकरण गरिने महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो।

भूमि वर्गीकरण, भूमि बैङ्क तथा वित्तीय पहुँचः भू उपयोग ऐन र नियमावलीअनुसार भूमि वर्गीकरण गरिने नीति तथा कार्यक्रममा भनिएको छ । भूमि बैङ्कमार्फत जमिनको उपलब्धता सुनिश्चित गर्दै लगानी वृद्धिका लागि कृषि ऋणमा लाग्ने ब्याजमा ५० प्रतिशत सहुलियत उपलब्ध गरिने जनाइएको छ। खेतीयोग्य गह्रा बनाऔँ हराभरा अभियानका साथ हिउँदे बाली (गहुँ, तोरी, आलु, चैते धान, तरबुजा) को क्लस्टरमा खेती गरिने उल्लेख गर्दै प्रमुख आचार्यले महानगरपालिकाभित्र सिँचाइ क्षेत्र विस्तार गर्दै थोपा, प्लास्टिक पोखरी, लिफ्ट, कुलो र पाइप सिँचाइमार्फत वर्षभरि भरपर्दो सामूहिक पहुँच बढाई बाली सघनता वृद्धि गरिने बताउनुभयो। पहाडी तथा काष्ठफल फलफूल आयोजनाको साझेदारीमा सुन्तला, कागती, मेकाडेमिया नट, एभोकाडो आदिको क्षेत्र विस्तार गरिने उहाँले बताउनुभयो । प्रभावकारी सूचना, प्रविधि, सञ्चार गर्दै कृषि प्रसारका लागि डिजिटल कृषि प्रणाली अवलम्बन गरिनाका साथै उत्पादन पकेट क्षेत्रमा कृषि तथा पशुपन्छी सेवा प्राविधिकको व्यवस्था गरिने उल्लेख गरिएको छ।

किसान सूचीकरण कार्यलाई अभियानका रूपमा सञ्चालन गरिने र सेवा प्रवाहमा जोडिने महानगर प्रमुख आचार्यले बताउनुभयो। दिगो कृषिको आधारका रूपमा प्राङ्गारिक खेतीको विस्तारका लागि प्राङ्गारिक पकेट स्थापना र वातावरणमैत्री सहरी कृषिमा जोड दिइने उहाँले बताउनुभयो । माटोको जैविक गुणस्तर कायम राख्न प्राङ्गारिक मल उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गर्दै, रासायनिक मल र विषादीको प्रयोगलाई नियमन गरी मानव स्वास्थ्य तथा जैविक विविधताको संरक्षण गरिने महानगरपालिकाले जनाएको छ।

## अध्यक्ष दाहाल र अध्यक्ष नेपालबीच भेटवार्ता

रासस
काठमाडौं, १० असार

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालबीच भेटवार्ता भएको छ।

मंगलबार सिंहदरबारमा बसेको दुई दलका शीर्ष नेताहरूको बैठकमा मुलुकको समसामयिक विषयवस्तुमा छलफल भएको हो। दुवै पार्टीका शीर्ष नेताहरू सहभागी हुनुभएको उक्त बैठकमा वामपन्थी शक्तिबीच ध्रुवीकरण, बजेट समीक्षा, राजनीतिक घटनाक्रम, संसदीय गतिरोध अन्त्य गर्नेलगायत विषयमा छलफल भएको थियो । माओवादीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, महासचिव देव गुरुङका साथै एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डे, महासचिव घनश्याम भुसाल, वरिष्ठ नेता वेदुराम भुसाल सहभागी हुनुहुन्थ्यो। पछिल्लो समय कम्युनिष्ट शक्ति एकताबद्ध गर्न भएका प्रयास, अन्तरराष्ट्रिय राजनीतिक अवस्था, अन्तरराष्ट्रिय तहमा शक्तिराष्ट्रबीच भएका युद्ध र त्यसको प्रभाव, भिजिट भिसा प्रकरण, सरकारको कार्यशैलीबारे छलफल गरिएको एकीकृत समाजवादीका प्रचार विभाग उपप्रमुख दामोदर अर्यालले जानकारी दिनुभयो।

## गण्डकी प्रदेशमा सूचनाको हकबाट कोही पनि बन्चित हुनु पर्दैन: मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, १० असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेशमा सूचनाको हकबाट कोही पनि बन्चित हुन नपर्ने बताउनु भएको छ।

सूचनाको हकका लागि राष्ट्रिय महासंघको आयोजनामा मंगलबार पोखरामा आयोजना भएको प्रमाणमा आधारित पत्रकारिताका लागि सूचनाको हक विषयक अन्तरक्रिया कार्यक्रममा सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेशमा कुनै पनि सूचनाको हकबाट कोही पनि बन्चित हुन नपर्ने बताउनु भएको हो। उहाँले भन्नुभयो "यदि कहि कतै कमी कमजोरी देखिएको छ भने त्यो सच्चाउन म र गण्डकी प्रदेश सरकार तयार छ, सूचनाको हक भनेर यसको सहि सदुपयोग गर्नु पर्‍यो, कति पय कुरा अन्जानमा पनि भएको हुन सक्छ, एउटै बिषयमा पटक पटक गलत काम गरेकोको खण्डमा भने त्यसमा सजायको भागी हुनु पर्छ।"

सामाजिक संजालमा कसैले लेखेको भरमा त्यसकै आधारमा सत्य तथ्य प्रमाण नपुगि समाचार बनाउन नहुने मुख्यमन्त्री पाण्डेको



भनाई थियो। उहाँले भन्नुभयो " यहाँ सबैलाई स्टण्ड गर्नु परेको छ, राजनीतिक दलका नेताहरुलाई धेरै त्यस पछि समाजका व्यक्तिहरुलाई पनि स्टण्ड गर्नु परेको छ, त्यो समाजसम्म पुर्‍याउने माध्यम संचार माध्यम नै भएको ले सूचनाको संप्रेसण तथा प्रशारण गर्ने हो, यसमा सूचनाको हक माग्ने व्यक्ति पनि स्टण्ड गर्न मन लागे के होला यी पनि गम्भिर कुरा छन नी, यी कुरालाई तपाईहरु जस्तो जिम्मेवार पत्रकारिता गर्ने र यसको पत्रकारितालाई अगाडी बढाउने संघ संस्थाहरुले अति नै संवेदनशिल र जिम्मेवारी पूर्ण भूमिका निर्वाह गर्नु पर्छ भन्ने मलाई लाग्छ। " सदनमा हाल बजेटका बिषयमा उठेका प्रश्नहरुको जबाफ यही असार १३ गते सदनबाटै दिने हुँदा वास्तविकता बुझ्न पत्रकारलाई सदनमा आउन उहाँले निमन्त्रणा समेत गर्नुभयो। मुस्ताङ जिल्लामा भन्दा मुख्यमन्त्रीको जिल्लाको एउटै योजनामा बढी बजेट भन्ने समाचार आएकोमा रुष्ट हुदै मुख्यमन्त्री पाण्डेले संघ र प्रदेश सरकारको समपुरक योजनामा ३ बर्षको अवधिमा ३० करोडको योजनामा १९ करोड बजेट विनियोजन भएको प्रष्ट पार्नुभयो। अर्को बर्षमा पनि उक्त योजना पूरा गर्नको लागि बजेट विनियोजन हुने उहाँले बताउनु भयो । प्त्रकारिता केवल सूचना दीने माध्यम मात्र नभई, समाजमा उत्तरदायत्वि, पारदर्शीता र सुशासन सुनश्चित गर्ने प्रमुख खम्बा रहेको मुख्यमन्त्री पाण्डेले बताउदै मुलधारका मिडियाले सत्य, तथ्य र प्रमाणमा आधारित सुचना सम्प्रेषणमा विषेश ध्यान दिनुपर्ने बताउनुभयो । केन्द्रीय उपाध्यक्ष ताराबहादुर भण्डारीले २० बर्षसम्मको सूचना अध्यावधिक गरि राख्नु पर्ने बताउनु भयो। उक्त सूचना निदएमा ५ हजार देखि २५ हजारसम्म जरिवाना हुने उहाँले बताउनु भयो । २० करोड कारोवार गर्ने संस्थाले सूचनाको शाखा स्थापना गर्नुपर्ने उपाध्यक्ष भण्डारीले बताउनु भयो।


"सूचना मागौंः भ्रष्टाचारको अन्त्य गरौं" भन्ने नारा सहित पोखरामा संचालन भएको उक्त कार्यक्रम सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उमीद बागचन्दको अध्यक्षतामा सम्पन्न भएको थियो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेशको सहकार्यमा भएको कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मी, पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेल, गण्डकी प्रदेशका प्रेस रजिष्टार विमला भण्डारी, अग्रज पत्रकार नारायण कार्की, महासंघ कास्कीका उपाध्यक्ष शिवराज बस्ताकोटी (शिवदाई) लगायतले सूचनाको हकलाई प्रभावकारी बनाउन आग्रह गर्नु भएको थियो।

## २० औं असारे रोपाइँ महोत्सव गुँदेतालमा, आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड

पोखरापत्र संवाददाता
पोखरा, १० असार

यस वर्षको २० औं संस्करणको असारे रोपाइँ महोत्सव यही असार १५ गते पोखरा-२६ स्थित लेखनाथको गुँदेताल (तालबेसी) क्षेत्रमा हुने भएको छ।

"पोखरा सबै मौसमका लागि" भन्ने मूल नाराका साथ पोखरा पर्यटन परिषद्को आयोजनामा र शान्तिप्रेमी आमा समूहको संयोजनमा महोत्सव गरिने मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो। परिषद्का अध्यक्ष तारानाथ पहारीका अनुसार महोत्सवले पोखरा भ्रमण वर्ष २०२५ लाई सफल बनाउन, गुँदेताल र आसपासका पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन, साथै परम्परागत कृषि प्रणाली र उत्पादन प्रक्रियाको प्रत्यक्ष अवलोकन गर्ने उद्देश्य लिएको छ। हिले दौड, रोपाइँ प्रतियोगिता, हिलोमा माछा समाउने, उत्कृष्ट कृषक सम्मान जस्ता रोचक कार्यक्रमहरू राखिएको जानकारी परिषद्का महासचिव जीवनराज सापकोटाले दिनुभयो । उहाँका अनुसार महोत्सवमा विभिन्न देशका पर्यटकहरूको सहभागिता रहने अपेक्षा गरिएको छ। कार्यक्रमको प्रवर्द्धकका रूपमा गण्डकी प्रदेश सरकारअन्तर्गतको उद्योग तथा पर्यटन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, साथै पोखरा महानगरपालिका, वडा नं २६ को कार्यालय, र लेखनाथ उद्योग वाणिज्य संघ रहेको परिषद्ले जनाएको छ। पोखरा-२६ का वडा अध्यक्ष नरेन्द्र थापाले गुँदेताल महोत्सवमार्फत समग्र लेखनाथ क्षेत्रको पर्यटन प्रवर्द्धनमा उल्लेखनीय योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा पोखरा भ्रमण वर्ष २०२५ कार्यसम्पादन समितिका सहसंयोजक दामोदर भक्त थापा, लेखनाथ उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझा, वडा सदस्य सुदीपराज ढुङ्गाना, समाजसेवी बामदेव ढुङ्गाना, र शान्तिप्रेमी आमा समूहकी अध्यक्ष देवीमाया ढुङ्गाना लगायतले मन्तव्य व्यक्त गरेका थिए। परिषद्ले २०६१ सालदेखि हरेक वर्ष असारे रोपाइँ महोत्सव गर्दै आएको स्मरण गर्दै यसपटकको संस्करण अझ प्रभावशाली र पर्यटकीय चहलपहलले भरिएको बनाउने तयारीमा जुटिएको आयोजक पक्षले बताएको छ।

# कास्कीमा मादीबाहेक सबै पालिकाले ल्याए बजेट तथा कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १० असार



कास्कीका पाँच पालिकामध्ये चार वटाले तोकिएको समयभित्र नै आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम ल्याएका छन् ।

पोखरा महानगरपालिका, रूपा गाउँपालिका, अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिकाले नीति कार्यक्रमसहित बजेट सभामा प्रस्तुत गरेका छन् । मादी गाउँपालिकाले स्थानीय तह सञ्चालन ऐनमा भएको व्यवस्थाअनुसार तोकिएको समय असार १० गतेभित्र बजेट ल्याउन सकेन । मादीमा नेपाली कांग्रेस र नेकपा (एमाले)का बीचको विवादका कारण सोमबार सुरू भएको गाउँसभा अनिश्चितकालका लागि स्थगन गरिएको छ । गाउँपालिका अध्यक्ष देवीजङ्ग गुरुङले केही दिनमै सहमति कायम गरेर नीति कार्यक्रम पारित गर्ने र बजेट प्रस्तुत गर्ने बताउनुभयो । अध्यक्ष गुरुङले सोमबार गाउँसभामा नीति कार्यक्रम प्रस्तुत गरेपछि छलफलका क्रममा विवाद भएको हो । त्यसपछि सभा स्थगन गरिएको थियो । माछापुच्छ्रे गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि कूल ६७ करोड ९९ लाख ५१ हजार बराबरको बजेट ल्याएको छ । गाउँपालिकाको १७ औं गाउँसभामा आज उपाध्यक्ष एवं राजस्व परामर्श समितिका संयोजक सीता अधिकारीले वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुभयो । बजेटमा पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर रकम विनियोजन गरिएको उपाध्यक्ष अधिकारीले बताउनुभयो । उहाँका अनुसार पूर्वाधार विकासमा रु ११ करोड ५० लाख ५० हजार, गाउँपालिका कार्यालय तथा मातहत कार्यालय सञ्चालनका लागि रु १० करोड ८० लाख १० हजार, सामाजिक विकासतर्फ चार करोड ९४ लाख ३३ हजार रकम छुट्टाइएको छ । यसैगरी आर्थिक विकासतर्फ दुई करोड ४४ लाख आठ हजार, संस्थागत विकास र सेवा प्रवाहतर्फ एक करोड ६४ लाख ५० हजार, वडागत बजेट रु पाँच करोड ४० लाख, सशर्त अनुदान रु २७ करोड ९६ लाख र अन्य फिर्ता गर्नुपर्ने रकम रु दुई करोड ३५ लाख रहेको छ । गाउँपालिकाले कृषि उत्पादन ढुवानीमा कृषकलाई यसवर्षदेखी अनुदान दिने भएको छ । सो कार्यका लागि रु पाँच लाख बजेट विनियोजन गरिएको उपाध्यक्ष अधिकारीले बताउनुभयो । त्यसैगरीमहिलाहरूलाईआत्मनिर्भर बनाउनका लागि विभिन्न सीपमूलक कार्यक्रम गर्ने, पर्यटन विकास, पर्यटन पूर्वाधार तथा स्वास्थ्यका विभिन्न कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ । यसैगरी अन्नपूर्ण गाउँपालिकाले रु ६५ करोड १५ लाख ३४ हजार ७७५ रकमको बजेट ल्याएको छ । बजेटमा पूर्वाधार विकासका लागि रु १४ करोड ४३ लाख ७२ हजार, सामाजिक विकासका लागि रु ३२ करोड ६२ लाख ५० हजार, आर्थिक विकासतर्फ रु चार करोड ८१ लाख बजेट विनियोजन गरिएको छ । पालिकाले अन्नपूर्ण आधारभूत अस्पतालबाट विशेषज्ञसहित स्वास्थ्य सेवा प्रदान गर्नका लागि बजेट विनियोजन गरेको छ । यसैगरी भौगोलिक रूपमा देशकै सबैभन्दा ठूलो पोखरा महानगरपालिकाले गत आइतबारै नीति कार्यक्रम सहित रु आठ अर्ब ३५ करोड १२ लाखको बजेट नगरसभामा प्रस्तुत गरेको छ । सङ्घीय सरकारको सशर्त अनुदानबाट रु तीन अर्ब, १३ करोड १२ लाखअर्थात् र आन्तरिक आयबाट रु पाँच अर्ब २२ करोड बेहोर्ने गरी महानगरपालिकाले बजेट ल्याएको हो ।

बजेटमा पूर्वाधारतर्फ रु दुई अर्ब ३३ करोड विनियोजन गरिएको छ । सामाजिक विकासतर्फ रु ३८ करोड, आर्थिक विकासतर्फ रु १८ करोड, वडा कार्यालयतर्फ रु एक अर्ब, सहरी विकास पर्यटन वन तथा वातावरणतर्फ रु ३८ करोड बजेट प्रस्ताव गरिएको छ । यसैगरी स्वास्थ्यतर्फ रु ३१ करोड दुई लाख शिक्षातर्फ रु एक अर्ब ७३ करोड ३३ लाख ५१ हजार छुट्टाइएको हो । यसैगरी रूपा गाउँपालिकाले आगामी आव २०८२/०८३ को लागि रु ४८ करोड ५५ लाख ३७ हजारको बजेट ल्याएको छ । जसअन्तर्गत चालु खर्चका लागि रु ३३ करोड ३४ लाख ४८ हजार र पुँजीगततर्फ रु १५ करोड २० लाख ५७ हजार खर्च हुने अनुमान गरिएको उपाध्यक्ष लालसुब्बा गुरुङले बताउनुभयो ।

बजेटको स्रोतमा नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानतर्फ रु सात करोड ६५ लाख, नेपाल सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँटतर्फ रु सात करोड ३२ लाख, नेपाल सरकार सशर्त अनुदानतर्फ रु १८ करोड ७२ लाख अनुमान गरिएको छ ।

यसैगरी नेपाल सरकार समपूरक अनुदानतर्फ रु पाँच करोड ७७ लाख, नेपाल सरकार विशेष अनुदान रकम रु एक करोड ६५ लाख, गण्डकी प्रदेश सरकार राजस्व बाँडफाँट रु ७८ लाख ३७ हजार, गण्डकी प्रदेश सरकार समपूरक अनुदानतर्फ रु ६० लाख रहेको छ । बजेटको स्रोतमा गण्डकी प्रदेश सरकार समानीकरण अनुदानतर्फ रु ९३ लाख ४१ हजार, गण्डकी प्रदेश सरकार विशेष अनुदान रकम रु ४० लाख, प्राप्त हुँदा न्यून हुने रकम रु पाँच करोड ५३ लाख १४ हजार गाउँपालिकाको चालु आवको अल्या रकम रु तीन करोड ८९ लाख १४ हजार र चालु आवको लागी आन्तरिक स्रोत अनुमान रु एक करोड ६४ लाख बेहोरिने पालिकाले जनाएको छ ।

# होटल संचालक र कर्मचारीलाई एआई सम्वन्धि अभिमुखिकरण

**पोखरापत्र संवाददाता**
पोखरा, १० असार



होटल संघ पोखरा नेपालले होटलकर्मी तथा उनीहरुका कर्मचारीका लागि मंगलबार एक दिने अभिमुखिकरण प्रदान गरेको छ । एआई अर्थात् आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग र अनलाइनबाट हुने बुकिङको व्यवस्थापन सम्वन्धमा संघले यो कार्यक्रम आयोजना गरेको हो ।

कृत्रिम बुद्धिमता पनि भनिने एआई र अनलाईन ट्राभल एजेन्सीको प्रायोगबाट २०२५ मा होटलहरुले कसरी बढी भन्दा बढी आम्दानी बढाउन सक्छन् भन्ने विषयमा केन्द्रित भएर यो कार्यक्रम संचालन गरिएको आयोजक संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए । कार्यक्रममा एक सय जना भन्दा बढी होटलकर्मी र उनीहरुका कर्मचारीले सहभागिता जनाएका थिए । कार्यक्रमका प्रमुख अतिथि होटल संघ नेपालका केन्द्रिय सदस्य एवं होटल संघ पोखरा नेपाल सल्लाहकार परिषद्का संयोजक भरतराज पराजुलीले अभिमुखिकरणका सहभागीले एआईबारे धेरै बुझ्ने मौका पाएको भन्दै आगामी दिनमा पनि यस्ता कार्यक्रम संचालन गर्न संघलाई आग्रह गरे । उनले होटल क्षेत्रका लागि आगामी आर्थिक वर्षको बजेटमा सरकारले विद्युत् महशुलमा उद्योग सरहको मान्यता दिएकोमा अर्थमन्त्रालय र सरकारलाई धन्यवाद दिए । बैंकको ब्याजदर विगतमा दुई अंकमा भए पनि अहिले एकल अंकमा झर्नु सकारात्मक भएको भनाई उनले राखे । होटल संघ नेपालले गत वर्ष चीन र बंगलादेशमा प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरेको स्मरण गराउँदै सल्लाहकार परिषद्का संयोजक पराजुलीले प्रवर्द्धनबाट मात्र पर्यटन अगाडि बढ्न सक्ने भनाई राखे । अभिमुखिकरणमा थप बोल्दै आयोजक संघका अध्यक्ष सुवेदीले संघले पोखराको प्रवर्द्धनका लागि जाउँ है पोखरा र चलिए पोखरा जस्ता अभियान संचालन गर्दै आएको स्मरण गराए । पोखराका होटलमा रहेको पाँच खर्बको लगानी जोगाउनका लागि पनि संघ सचेत भएर अगाडि बढेको भन्दै उनले आफ्ना सदस्यको हितका लागि संघ सँधै लड्दै आएको भनाई राखे । संघका निवर्तमान अध्यक्ष विकल तुलाचनले अभिमुखिकरणबाट सहभागीले नजानेको कुरा जान्ने मौका पाएको भन्दै यो ब्रेन स्ट्रोमिङ गर्ने अवसर भएको भनाई राखे । कार्यक्रमका श्रोत व्यक्ति सन्तोष वरालले अहिले एआई एउटा क्रान्तिको रुपमा अगाडि आएको भन्दै यससँग डराएर भन्दा पनि यसलाई सदुपयोग गरेर पर्यटन क्षेत्र अगाडि बढ्नुपर्ने भनाई राखे । बरालले कार्यक्रममा अनलाईन ट्राभल एजेन्सी (ओटीए), अगोडा, बुकिङ डटकम लगायत होटल बुक गर्ने प्लाटर्फको अकाउण्ट संचालन र एआईको प्रयोगबारे जानकारी गराएका थिए ।

दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (इन्स्युर) सँगको सहकार्यमा संघले लिभरेजिङ एआई, टेक्नोलोजी एण्ड ओटीएज शीर्षक दिएर यो अभिमुखिकरण आयोजना गरेको हो । कार्यक्रममा परियोजना गण्डकीका प्रमुख सुशील लिंखाले उक्त परियोजनाका बारेमा स्पष्ट पारेका थिए । कार्यक्रमको संचालन संघका सचिव पार्वता पाण्डेले गरेकी थिइन् ।

# श्रम कानून कार्यान्वयन र समस्याबारे पोखरामा छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, १० असार



श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको व्यवसायजन्य सुरक्षा विभागका महानिर्देशक चक्रपाणि पाण्डेले श्रमिकहरुको हक र अधिकारप्रति रोजगारदाता संवेदनशील बन्नुपर्नेमा जोड दिएका छन् । श्रमिकको सम्मान गरेमात्र उत्पादकत्व बढ्ने उनको भनाइ छ ।

विभागले मंगलबार पोखरामा आयोजना गरेको 'श्रमसम्बन्धी कानून कार्यान्वयन तथा विद्यमान समस्या' विषयक अन्तर्क्रिया कार्यक्रममा बोल्दै उनले श्रमिकहरुको हक रक्षाका लागि विभिन्न कानूनहरु रहेको र आफूलाई मर्का परेमा कानूनी प्रक्रियामा जान मजदुरहरुसँग आग्रह पनि गरे ।

उद्योगी व्यवसायी तथा विभिन्न मजदुर संगठनका प्रतिनिधिहरुबीच आयोजित अन्तर्क्रियामा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले श्रम तथा रोजगार क्षेत्र पछिल्लो समय मर्यादित हुँदै आए पनि निजी क्षेत्रले भनेजस्तो 'हायर एण्ड फायर'को प्रावधान लागू हुनुपर्नेमा जोड दिए । उनले मजदुरहरुले काममा लागेपछि विभिन्न बहानामा दुःख दिने प्रचलन अझै नहटेको जिकिर पनि गरे । कार्यक्रममा श्रम तथा रोजगार कार्यालय कास्कीका प्रमुख सुरेश ढकाल, रोजगार विभागका अधिकृत चक्र श्रेष्ठसहित मजदुर नेताहरुले पनि बोलेका थिए । मजदुर नेताहरुले अझै पनि श्रमलाई सम्मान गर्ने परम्परा नबसेको,निर्माण र यातायात क्षेत्रमा कार्यरत मजदुरको सुरक्षा प्रबन्ध नभएको तथा कानूनी उपचार नै ढिलो हुँदा मजदुरले न्याय पाउन नसकेको गुनासो गरेका थिए ।

# पोखरामा तेस्रो संस्करणको क्लबस्तरीय पुरुष भलिबल असार २४ देखि

**पोखरापत्र संवाददाता**
पोखरा, १० असार

लामा अमृत फाउण्डेशन घान्द्रुकको आयोजनामा पोखरामा तेस्रो संस्करणको क्लबस्तरीय पुरुष भलिबल प्रतियोगिता हुने भएको छ ।

लामा अमृत फाउण्डेशन घान्द्रुकका संस्थापक लामा अमृत गुरुङले यही असार २४ देखि २८ गतेसम्म तेस्रो संस्करणको पुरुष भलिबल प्रतियोगिता आयोजना गरिएको बताए । 'स्वास्थ्यको लागि खेलकुद, राष्ट्रका लागि खेलकुद भन्ने मुख्य नारासहित प्रतियोगिता आयोजना गर्दै छौं, संस्थापक गुरुङले भने, 'प्रतियोगिता पोखरा-३ नदीपुर छन्त्याल समाजको भलिबल कोर्टमा असार २४ देखि २८ गतेसम्म सञ्चालन हुनेछ ।'तेस्रो संस्करणको पुरुष भलिबल प्रतियोगितामा सहभागी हुन एक टिममा सातौं, आठौं र नवौं राष्ट्रिय खेलकुद तथा राष्ट्रिय पुरुष भलिबल टिमका ३ जना खेलाडी समावेश गर्न पाइने गुरुङले बताए । उनका अनुसार प्रतियोगिताको विजेताले १ लाख २५ हजार, उपविजेताले ७५ हजार, तेस्रो हुनेले ३० हजार र सान्त्वना स्थान हासिल गर्नेले १५ हजार रुपैयाँसहित मेडल, प्रमाणपत्र र ट्रफी प्राप्त गर्नेछन् । प्रतियोगिताको विधागतर्फ उत्कृष्ट खेलाडी, स्पाइकर, मिडल ब्लकर, डिफेन्डर, सेटर,सर्भर, उदियमान खेलाडी र प्रशिक्षकले पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगितामा ६ टिमलाई मात्र सहभागी गराउने लामा अमृत फाउण्डेशन घान्द्रुकले जनाएको छ । प्रतियोगितामा सहभागिताका लागि एक टिमलाई ५ हजार रुपैयाँ शुल्क निर्धारण गरिएको छ । लामा अमृत फाउण्डेशन घान्द्रुक सामाजिक र खेलकुद क्षेत्रमा क्रियाशिल रहँदै आएको छ । फाउण्डेशनले २०७५ र ७६ सालमा पहिलो र दोस्रो संस्करणको प्रतियोगिता सञ्चालन गरेको थियो ।


## स्वच्छ सहर - स्वस्थ्य सहर

◆ धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
◆ सवारी साधनको समय समयमा मर्मत सम्भार गरौं,
◆ तोकिएको स्थानमा मात्र फोहोर फालौं, जथाभावी नफालौं,
◆ करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
◆ सार्वजनिक स्थलका बोट विरुवा तथा फूलको संरक्षण गरौं,
◆ स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
◆ ध्वनि र वायु प्रदूषण कम गरौं,
◆ सडकको समय समयमा मर्मत सम्भार गरौं,
◆ सडकमा निर्माण सामग्री नराखौं,
"सहरलाई सुन्दर बनाऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड


# दुई लाख पुरस्कार राशिको म्याग्दी भलिबल कप : आयोजक र स्याङ्जा फाइनलमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० असार

आयोजक म्याग्दी र स्याङ्जा जिल्ला खेलकुद विकास समिति रु दुई लाख पुरस्कार राशिको गण्डकी प्रदेशस्तरीय अन्तर जिल्ला पुरुष भलिबल प्रतियोगिता 'म्याग्दी भलिबल कप-२०८२' को फाइनलमा पुगेका छन् ।

प्रदेश खेलकुद परिषद् गण्डकीको प्रवर्द्धन तथा जिल्ला खेलकुद विकास समिति म्याग्दीको सहकार्यमा म्याग्दी जिल्ला भलिबल सङ्घले आयोजना गरेको प्रतियोगिताको बुधबार हुने फाइनलमा प्रथम स्थानका लागि म्याग्दी र स्याङ्जाबीच प्रतिस्पर्धा हुने भएको हो । बेनीको खुला मञ्च खेलमैदानमा मंगलबार भएको सेमीफाइनलमा म्याग्दीले बागलुङलाई २५-१७, २५-१९ र २५-२१ को अन्तरमा सोझो तीन सेटमा पराजित गर्दै फाइनलमा पुगेको प्रतियोगिताको रेफ्री संयोजक टलसिङ थापाले बताउनुभयो । स्याङ्जाले तनहुँसँग भएको प्रतिस्पर्धात्मक खेलमा दुईका विरुद्ध तीन सेटले पराजित गरेको हो । २५-१९ र २५-२२ को अन्तरमा पहिलो र दोस्रो खेल जितेको तनहुँ तेस्रो, चौथो र पाँचौं सेटको खेलमा स्याङ्जासँग ३०-२८, २५-१६ र १९-१७ को अन्तरमा पराजित भयो । तनहुँ र बागलुङबीच तेस्रो स्थानका लागि प्रतिस्पर्धा हुने प्रतियोगिता संयोजक म्याग्दी जिल्ला भलिबल सङ्घका अध्यक्ष तेजेन्द्र बानियाँले बताउनुभयो । आइतबारदेखि सुरू भएको प्रतियोगितामा म्याग्दी, मुस्ताङ, बागलुङ, पर्वत, कास्की, तनहुँ, स्याङ्जा र नवलपुर जिल्लाको सहभागिता रहेको थियो । प्रतियोगितामा विजेताले नगद रु दुई लाख, उपविजेताले नगद रु एक लाख तथा तेस्रो हुने टिमले नगद रु ५० हजार तथा चौथो हुनेले नगद रु २५ हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र हात पार्ने अध्यक्ष बानियाँले बताउनुभयो ।

त्यस्तै प्रतियोगितामा उत्कृष्ट प्रशिक्षक र सर्वोत्कृष्ट खेलाडीलाई जनही नगद रु पाँच-पाँच हजार तथा अन्य विधागत उत्कृष्ट स्पाइकर, उत्कृष्ट सर्भर, उत्कृष्ट ब्लकर, उत्कृष्ट लिबेरो, उत्कृष्ट डिफेन्डर र उत्कृष्ट सेटरले जनही नगद रु तीन-तीन हजारका साथमा ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । – हजरत अली

## सम्पादकीय

# राइड सेयरिङ स्थगन नगर्न अन्तरिम आदेश

गण्डकी प्रदेश सरकारले जारी गरेको राइड सेयरिङ (नियमन र व्यवस्थापन)नियमावली स्थगन गर्नेगरी भएका निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको छ । उपभोक्ता हित संरक्ष मञ्चका तर्फबाट अधिवक्ता जयप्रसाद पौडेलले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश तिलप्रसाद श्रेष्ठ र महेश शर्मा पौडेलको संयुक्त इजलासले नियमावली स्थगन गर्ने निर्णय तथा सोसँग सम्बन्धित सम्पूर्ण निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ । गत जेठ २० मा गण्डकी प्रदेश सभाबाट उक्त नियमावली जारी ।  भएकोमा उक्त नियमावलीविरुद्ध यातायात व्यवसायीले बन्द हडताल जस्ता कार्य गरेपछि संघीय सरकारले पत्राचार गरी रोक लगाउने निर्णय गरेको थियो । उपभोक्ताको मौलिक तथा कानुनी हक रोक्नेगरी राइड शेयरिङमा रोक लगाइएकोमा सिन्डिकेट लागू गर्नेगरी यातायात व्यवसायीसँग सम्झौता गरेको भन्दै भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रपरिषद् कार्यालय गण्डकी प्रदेश, सातै प्रदेशका यातायात मन्त्रालय, यातायात व्यवसायी राष्ट्रिय महासंघ र मन्त्रिपरिषद प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाइएर रिट दायर भएको थियो । गण्डकी प्रदेश सरकारले जारी गरेको राइड सेयरिङ (नियमन र व्यवस्थापन)नियमावली स्थगन गर्नेगरी भएका निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको छ ।

उपभोक्ता हित संरक्षण मञ्चका तर्फबाट अधिवक्ता जयप्रसाद पौडेलले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश तिलप्रसाद श्रेष्ठ र महेश शर्मा पौडेलको संयुक्त इजलासले नियमावली स्थगन गर्ने निर्णय तथा सोसँग सम्बन्धित सम्पूर्ण निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ । गत जेठ २० मा गण्डकी प्रदेश सभाबाट उक्त नियमावली जारी भएकोमा उक्त नियमावलीविरुद्ध यातायात व्यवसायीले बन्द हडताल जस्ता कार्य गरेपछि संघीय सरकारले पत्राचार गरी रोक लगाउने निर्णय गरेको थियो । उपभोक्ताको मौलिक तथा कानुनी हक रोक्नेगरी राइड शेयरिङमा रोक लगाइएकोमा सिन्डिकेट लागू गर्नेगरी यातायात व्यवसायीसँग सम्झौता गरेको भन्दै भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रपरिषद् कार्यालय गण्डकी प्रदेश, सातै प्रदेशका यातायात मन्त्रालय, यातायात व्यवसायी राष्ट्रिय महासंघ र मन्त्रिपरिषद प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाइएर रिट दायर भएको थियो । न्यायाधीश तिलप्रसाद श्रेष्ठ र महेश शर्मा पौडेलको इजलासले राइड सेयरिङ तथा सेल्फ ड्राइभ स्थगन नगर्न अन्तरिम आदेश जारी गरेको हो ।

संविधान र संघीयताको मर्मबिपरीत, मानव अधिकार खिलापमा भएको आन्दोलनलाई देखाउँदै संघले नियमावली स्थगन गर्न पत्राचार गर्नु र प्रदेशले नियमावली कार्यान्वयन स्थगन गरेको भन्दै उपभोक्ता हित संरक्षण मञ्चले गत जेठ २९ गते सर्वोच्चमा रिट हालेको थियो । असार १ गते भएको सुनुवाइ पछि १० गते दुबै पक्षलाई बोलाएको थियो । उपभोक्त हित संरक्षण मञ्चको तर्फबाट अधिवक्ता जयप्रसाद पौडेलले संघ सरकारसहित सातै प्रदेशलाई विपक्षी बनाउँदै रिट हालेका थिए । त्यही रिटमा कानुनसम्मत आएको राइड सेयरिङ नियमावली स्थगन नगर्न अन्तरिम आदेश जारी भएको छ ।

रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, गण्डकी प्रदेशसहित सातै प्रदेशका यातायात मन्त्रालयलाई विपक्षी बनाइएको थिया । नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदनका आधारमा सवारी दर्ता तथा नविकरण लगायतका विषयहरु प्रदेश सरकारको यातायात व्यवस्थापन सम्बन्धी कार्य हेर्ने मन्त्रालयको क्षेत्राधिकार भित्र पर्ने उल्लेख छ । अत्यावश्यक सेवा ऐनअनुसार सार्वजनिक यातायात, स्वास्थ्य खानेपानीजस्ता अत्यावश्यक विषयमा कुनै पनि बन्द हड्ताल गर्न पाइँदैन । बन्द हड्ताल गरे फौजदारी अपराधसरह कारकाही गर्नुपर्छ भनेको छ । सो को कार्यान्वयनका लागि प्रदेश सरकारहरुबाट छुट्टै सवारी तथा यातायात व्यवस्थापन सम्बन्धी ऐन जारी भएको छ । विभाग र मन्त्रालयले प्रदेश कानून बमोजिम जारी गर्नुपर्ने मापदण्डलाई हुँदै नभएको अधिकार प्रयोग गरी मापदण्ड जारी गर्न लागेको भन्दै त्यसलाई समेत रोक्न रिटमा माग  १ महिनाका लागि स्थगित गर्ने निर्णय गरेको थियो । त्यसको भोलिपल्टै पत्र प्राप्त भएपछि मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेकै निर्देशनमा १ महिनाका लागि स्थगन गर्दै वार्ताका लागि आह्वान गरेको थियो ।

विपक्षीहरूले अत्यावश्यक सेवालाई बन्द हडताल गरी बन्द हड्तालको बलमा बाध्यकारी निर्णय गरेकाले सो सामान्य समझले पनि गर्न नमिल्ने/नहुने कार्य गरेको निर्णय बदर गर्न रिटमा माग गरिएको छ । संघ, प्रदेश तथा स्थानीय तह अन्तरसम्बन्ध ऐन २०७ दफा ४ (१) (क) मा संघले कुनै कानून प्रत्यायोजन गर्दा प्रदेश तहको एकल अधिकारको अतिक्रमण गर्न हुँदैन भन्ने व्यवस्था छ । संविधानले प्रदेशलाई तोकेको अधिकार हनन हुने गरी विपक्षीले २० वर्ष पुगी नष्ट गर्नुपर्ने ट्याक्सीलाई पुनःदर्ता गर्ने र १०० प्रतिशतसम्म बढी भाडा लिन पाउने गरी कानून विपरित जारी गरिएको उल्लेखित मापदण्ड बदर गर्न पनि उसको माग छ । प्रदेश सरकारले जारी गरेको सवारी तथा यातायात कानूनहरू माथिनै प्रहार हुने गरी संघीयताको मर्म र भावना विपरित जारी गरिएको उल्लेखित मापदण्ड बदर हुनुपर्ने निश्कर्षसहित रिट हालिएको र सर्वोच्चको अन्तरिम आदेशले सच्याएको छ । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले भने १ महिना स्थगित भएको नियमावली  कार्यान्वयन नरोकिने बताइरहेका छन् ।

# एसिसी पुरुष यु-१६ इस्ट जोन कप क्रिकेट प्रतियोगिता : नेपालद्वारा जापान ८० रनमा अलआउट

**रासस**
काठमाडौं, १० असार

एसीसी पुरुष  यु-१६ इस्ट जोन क्रिकेट प्रतोयोगिताको आफ्नो दोस्रो खेलमा नेपालले जापानलाई ८० रनमा अलआउट गरेको छ ।

मलेसियास्थित कोजल टुन्कु जाफर ओभलमा जारी खेलमा बाँयाहाते स्पिनर शुभम खनालले पाँच विकेट लिएपछि जपानलाई नेपालले ८० रनमा अलआउट गरेको हो ।

टस जितेर पहिले ब्याटिङ रोजेको जापानले ३४ दशमलव तीन ओभरमा सबै विकेट गुमाउँदै ८० रनको योगफल बनायो । जापानका लागि  कप्तान चार्ली हाराहिन्जले सर्वाधिक ३६ रन बनाए ।

त्यस्तै गबी हाराहिन्जले १३ रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । नेपालक लागि शुभम खनालले पाँच विकेट लिए भने अभय यादवले दुई तथा सुशील रावल र विपिनप्रसाद शर्माले समान एक-एक विकेट लिए ।

यसअघि नेपालले पहिलो खेलमा सिङ्गापुरलाई छ विकेटले हराएको थियो । ८१ रनको विजयी लक्ष्य पछ्याएको नेपाल अहिले जवाफी ब्याटिङमा उत्रिएको छ ।

# काठेखोलाका ४७९ घर बाढीपहिराको उच्च जोखिममा

**पोखरापत्र संवाददाता**
गण्डकी, १० असार

जिल्लाको काठेखोला गाउँपालिकामा ४७९ घर बाढीपहिराको उच्च जोखिममा परेका छन् । सडक छेउ र खोला किनारका घर बाढीपहिराको उच्च जोखिममा परेका हुन् ।

सबैभन्दा बढी काठेखोला-७ रेशमा र वडा नं ६ तल्लो बिहुँका घर जोखिममा परेका गाउँपालिकाका प्रवक्ता टीका सङ्गम विकले जानकारी दिनुभयो । उहाँका अनुसार वडा नं ७ रेशमा १२६ र वडा नं ६ तल्लो बिहुँमा नौ घर बाढीपहिरोको जोखिममा परेका छन् । रेशका ६० घर पहिरो जाने भिरालो जमिनमा रहेका र ६६ वटा बस्तीको छेउछाउ मोटरबाटोका कारण जोखिममा रहेका प्रवक्ता विकले बताउनुभयो । तल्लो बिहुँका नौ वटा घर भिरालो जमिनमा रहेकाले जोखिममा परेका उशाँले जानकारी दिनुभयो । आठ वटा वडा रहेको काठेखोलाका धेरैजसो वडाका घर जोखिममा परेका छन् । वडा नं २ भीमापोखरामा ५२ घर पहिरो जाने भिरालो जमिनमा रहेका र पाँच मोटरबाटो निर्माणका कारण जोखिममा परेका विकले जानकारी दिनुभयो । वडा नं ३ धम्जामा एक घर खोलाको जोखिममा, ४६ भिरालो जमिनमा र २१ वटा सडक छेउका घर जोखिममा परेका उहाँको भनाइ छ । वडा नं ४ तङ्ग्राममा १३ घर भिरालो जमिनमा रहेका र २२ वटा सडक छेउका पहिरोको जोखिममा छन् ।

वडा नं ५ माथिल्लो बिहुँमा १४ घर भिरालो जमिनमा रहेका र ५८ सडक निर्माणपछि पहिराको जोखिममा रहेका प्रवक्ता विकले बताउनुभयो । वडा नं ८ लेखानीमा ५८ वटा भिरालो जमिनमा रहेका घर जोखिममा रहेका छन् । उहाँका अनुसार खोला किनारमा रहेका ३०, कमजोर भिरालो जमिनमा रहेका २७७ र मोटरबाटोको छेउमा रहेका १७२ घर पहिराको उच्च जोखिममा छन् ।

विपद् व्यवस्थापन समिति काठेखोलाले जोखिममा रहेका घरको तथ्याङ्क सङ्कलन गरेर नागरिकलाई सचेत बनाइरहेको गाउँपालिकाका अध्यक्ष राजु थापाले बताउनुभयो । जोखिममा रहेका परिवारलाई पुनःस्थापना गर्न केन्द्र र प्रदेश सरकारसँग सहकार्य गर्ने उहाँको भनाइ छ ।

अध्यक्ष थापाले भन्नुभयो, “भौगोलिक अवस्था र कमजोर जमिनका कारण बर्सेनि वर्षात्को समयमा घरबस्ती बाढी र पहिराले बगाउने समस्या छ । बाढी पहिरोबाट नागरिकको ज्यान बचाउन सचेत बनाएका छौँ, ठूलो वर्षा भएको समयमा जोखिममा रहेका घरमा नबस्न आग्रह गरेका छौँ । क्षति भएमा यति धेरै घर बनाउन पालिकाको स्रोतले नसक्ने भएकाले प्रदेश र केन्द्र सरकारसँग सहकार्य गरेर सुरक्षित स्थानमा व्यवस्थापन गर्ने पहल गरिरहेका छौँ ।”

# गण्डकी प्रदेशसभामा विनियोजन विधेयकमाथि छलफल

**पोखरापत्र संवाददाता**
गण्डकी, १० असार

गण्डकी प्रदेशसभामा प्रदेश सरकारको आगामी आव २०८२/०८३ को बजेटको मन्त्रालयगत विनियोजनमाथि छलफल जारी छ ।

मंगलबारको बैठकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालय, स्वास्थ्य मन्त्रालयसहित विभिन्न आयोग, प्रतिष्ठान र निकायहरूको विनियोजित बजेटमाथिको छलफलमा प्रदेशसभा सदस्यहरूले भाग लिनुभयो । प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले बजेटले जनतामा आशा जगाउन नसकेको टिप्पणी गर्नुभयो । सम्बन्धित मन्त्रालयका मन्त्री र सचिवले आफ्नो क्षेत्रमा बजेट केन्द्रित गरेको उहाँको गुनासो थियो । “बजेटलाई सीमित घेरामा केन्द्रित गरिएको छ, मुस्ताङ, मनाङ, म्याग्दी जस्ता भौगोलिक रूपमा विकट जिल्लाहरूलाई बजेटले अन्याय गरेको छ”, उहाँले भन्नुभयो, “सरकारले कुनै रूपान्तरणकारी योजना ल्याउन सकेको छैन, बजेटका प्राथमिकता अलमलिएको छ ।” उहाँले सहिद, बेपत्ता तथा घाइतेलाई बजेटले सम्बोधन नगरेको उल्लेख गर्नुभयो। प्रदेशसभा सदस्य प्रकाश बरालले आर्थिक मामिला मन्त्रालयले बजेट निर्माण गर्दा आर्थिक सुशासन कायम गर्न कोसिस गरेको बताउनुभयो । उहाँले कतिपय कमजोरीका बावजुत पनि प्रदेश सरकारले यथार्थ र कार्यान्वयनयोग्य बजेट ल्याएको धारणा राख्नुभयो । प्रदेशसभा सदस्य लिलबहादुर थापाले बजेट निर्माणमा देखिएका त्रुटिलाई आगामी दिनमा परिमार्जन गर्नुपर्ने बताउनुभयो । उहाँले स्रोतसाधनको वितरणमा कसैलाई पनि पछाडि पार्न नहुने बताउनुभयो । बजेट निर्माणमा गरिएको अनुचित चलखेल र प्रभावलाई रोक्न प्रदेश सरकारले नसकेको उहाँको भनाइ थियो । सङ्घीयतामाथि नै प्रश्नचिह्न खडा भइरहेका बेला प्रदेश सरकारका कामकारबाही विश्वसनीय र पारदर्शी हुनुपर्ने बताउनुभयो।प्रदेशसभासदस्यविन्दु पौडेलले स्वास्थ्य मन्त्रालययको बजेटले स्वास्थ्य क्षेत्र सुधारको योजनालाई अगाडि बढाएको बताउनुभयो । उहाँले आर्थिक मामिला मन्त्रालययले बजेट बनाउँदा दुर्गम क्षेत्र विभेदमा परेको बताउनुभयो । दीर्घकालीन सोच र लक्ष्य राखेर बजेट निर्माण हुन नसकेको भन्दै उहाँले पहुँचका आधारमा बजेट वितरण गरिएको उल्लेख गर्नुभयो । प्रदेशसभा सदस्य डिल्लीराम सुवेदी बजेट निमार्णको प्रक्रिया परम्परागत हुँदा समस्या निम्तिएको बताउनुभयो । उहाँले प्रदेश सरकारसँग योजना छनोटको दिग्दर्शन भए पनि पालना हुन नसकेको उल्लेख गर्नुभयो । रणनीतिमाआधारितरहेरविश्वसनीय बजेट बनाउनुपर्ने उहाँले बताउनुभयो । बैठकको शून्य समयमा बोल्दै प्रदेशसभा सदस्य सुधीरकुमार पौडेल, भीमबहादुर कार्की, लिलबहादुर थापालगायतले समसामयिक विषयमा प्रदेश सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । यही असार १ गते सार्वजनिक प्रदेश सरकारको आगामी आवको बजेट र विनियोजन विधेयकमाथि प्रदेशसभामा छलफल जारी छ ।

# बागलुङ नगरपालिकाको बजेट एक अर्ब ३० करोड

**पोखरापत्र संवाददाता**
बागलुङ, १० असार

बागलुङ नगरपालिकाले आज रु एक अर्ब ३० करोड ९५ लाखको बजेट प्रस्तुत गरेको छ ।

आगामी आर्थिक वर्षका लागि नगर उपप्रमुख राजु खड्काले अनुमानित आय, आन्तरिक राजस्व तथा बैंक रकमलाई आधार मानेर बजेट प्रस्तुत गर्नुभएको हो । बजेट पर्यटन, शिक्षा र पूर्वाधारलगायतमा केन्द्रित भएको छ ।

सोमबार नगरप्रमुख वसन्तकुमार श्रेष्ठले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रम छलफलपछि बजेट प्रस्तुत गरिएको थियो । नीति तथा कार्यक्रममा भने केही वडासदस्यले विरोध जनाएका थिए । नगरसभामा उपप्रमुख राजु खड्काले नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानतर्फ रु १५ करोड ३७ लाख, सशर्त अनुदानतर्फ रु ७२ करोड २४ लाख, समपूरक अनुदानतर्फ रु दुई करोड २४ लाख, विशेष अनुदान चालुतर्फ रु एक करोड ३० लाख, प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदानतर्फ रु दुई करोड १६ लाख ८२ हजार, शसर्त अनुदान पुँजीगततर्फ रु दुई लाख, समपूरक र विशेष अनुदान रु एक करोड विनियोजन गरिएको छ ।

यस्तै सङ्घ, प्रदेश र स्थानीय तहको राजस्व बाँडफाँट रु १५ करोड १२ लाख ६० हजार, तथा आन्तरिक राजस्व र अनुमानित बैंक मौज्दातसहित रु २१ करोड २९ लाख १५ हजार गरी रु एक अर्ब ३० करोड ९५ लाख ५८ हजार आय अनुमान गरी बजेट प्रस्तुत गरिएको उपप्रमुख खड्काले जानकारी दिनुभयो ।

नगरपालिकाले आर्थिक विकासतर्फ रु दुई करोड ९७ लाख, पूर्वाधार विकासतर्फ रु ३९ करोड ५१ लाख ३९ हजार, सामाजिक विकासतर्फ रु ६४ करोड ४१ लाख ३९ हजार, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा रु छ करोड ८१ लाख विनियोजन गरेको छ ।

यस्तै नगरपालिकाले बालमैत्री दिगोपनामा रु २० लाख, न्यायिक समितिलाई रु १५ लाख, आयुर्वेदलाई रु १० लाख, फोहोर व्यवस्थापनलाई रु १२ लाख, स्वास्थ्य क्षेत्रलाई रु १६ लाख, शिक्षालाई रु २८ करोड पाँच लाख बजेट विनियोजन गरेको छ । नगरपालिकाले कृषिलाई रु १५ लाख, पशु विकासलाई रु १० लाख,  सामी परियोजनालाई रु तीन लाख र महिला तथा बालबालिकालाई रु २० लाख विनियोजन गरेको छ ।

बालमैत्री कार्यक्रम नगरपालिकाको सफल कार्यक्रम रहेको बताउँदै दिगोपानाका लागि रु २० लाख बजेट विनियोजन गरेको उहाँले बताउनुभयो । बालमैत्री घोषणापश्चात् सूचकहरू घट्दै गएकामा चिन्ता व्यक्त भइरहेको सन्दर्भमा नगरपालिकाले दिगोपनालाई चासो नदिएको बजेटबाट प्रष्ट भएको देखिएको छ । बालमैत्री घोषणा कार्यक्रमकै करिब रु सात लाख रकम भुक्तानी गर्न अझै बाँकी रहेको छ । नगरपालिकाले सङ्घीय सरकारबाट हस्तान्तरण भएर आएको कार्यक्रममा नेपाली कांग्रेस बागलुङको भवन निर्माणमा रु ७० लाख विनियोजन गरेको छ ।

संघीय सरकारले हस्तान्तरण गरेको कार्यक्रममा बागलुङ-३ मा विपि स्मृति भवन निर्माणका लागि रु ७० लाख विनियोजन भएको छ । कांग्रेस पार्टी कार्यालयको भवनलाई विपी स्मृति भवनको नाममा स्थानीय पालिकाले समेत यसअघि बजेट राखेका थिए ।

नगरपालिकाले पहिलो वर्ष नै रु २० लाख बजेट विनियोजन गरेको थियो ।  नगरपालिकाले प्राथमिकतामा राखिएको बालमैत्री, कुकुर होस्टेलजस्ता कार्यक्रमलाई उपेक्षा गरिएको छ । बालमैत्रीका आवश्यक सूचक घोषणामा पूरा भए पनि दिगोपनामा पछिल्लो चार महिनायता शून्य गतिविधिले सूचक घट्दै गएको छ ।

# छानबिन समितिको माओवादी केन्द्रद्वारा स्वागत

**रासस**
काठमाडौं, १० असार

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले भिजिट भिसासम्वन्धमा सरकारले सोमवार गठन गरेको उच्चस्तरीय छानविन समितिको स्वागत गरेको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा बोल्दै माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले आफ्नो मागअनुसार सरकारले सो समिति गठन गरेको भन्दै धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले भन्नुभयो, “लोकतन्त्रलाई थप सुदृढ बनाउन यसमा देखिएका समस्यालाई समयानुकुल सुधार गर्दै जानुपर्छ, व्यवस्था वा प्रणालीमा देखिएका समस्या जनाभावनाअनुसार सुधार गर्दै लैजानुपर्छ ।”उपमहासचिव पुनले सो समितिले भिजिट भिसा सम्बन्धमा देखिएका दिगो समाधानका लागि गहिरो र निश्पक्ष छानविन गरोस भनि शुभकामना व्यक्त गर्नुभयो । उहाँले भिजिट भिसा प्रकरण सम्वन्धमा अख्तियार दूरुपयोग अनुसन्धान आयोगले समेत काम गरिरहेको र राम्रो गर्नेमा आफ्नो पार्टी विश्वस्त रहेको उल्लेख गर्नुभयो ।

गृहमन्त्री रमेश लेखकले प्रतिनिधिसभाको आजको बैठकमा पूर्वमुख्य सिचव शङ्करदास वैरागिको अध्यक्षतामाउच्चस्तरीयअध्ययन तथा छानविन समिति गठन गरेको जानकारी दिनुभयो । गृहमन्त्री लेखकले समितिका सदस्यहरूमा ६ मन्त्रालयका सहसचिव रहनुभएको जानकारी दिनुभयो ।

समितिको सदस्यमा सहसचिव तीर्थराज चिलवाल (अर्थ), अरुणा जोशी (कानुन, न्याय तथा संसदीय मामिला), रामकृष्ण लामिछाने (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन), मणिरत्न कोइराला (परराष्ट्र), प्रदीप कोइराला (श्रम, रोजागार तथा सामाजिक सुरक्षा) र गृह मन्त्रालयका सहसचिव आनन्द काफ्ले रहनुभएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : शुभ यात्रा | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ अम्मरे तहरादेखि पर्धैंराघर हुँदै शहर जाने बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : अम्मरे तहरादेखि पर्धैंराघर हुँदै शहर जाने बाटो निर्माण
उपभोक्ता समितिको नाम : अम्मरे तहरादेखि पर्धैंराघर हुँदै शहर जाने बाटो निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की
योजना सम्झौता मिति : २०८१/१०/१४ गते
योजना सुरु मिति : २०८१/१०/१५ गते
योजना सम्पन्न भएको मिति : २०८२/०२/२८ गते
महानगरपालिकाबाट : रु. ५,००,०००/-
जनसहभागिता : रु. ८९,०७१/७६
योजनाको कुल लागत : रु. ५,८९,०७१/७६

**कृष्ण बहादुर रानाभाट**
**अध्यक्ष**
**अम्मरे तहरादेखि पर्धैंराघर हुँदै शहर जाने बाटो निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की**

# अन्नपूर्ण प्रथम आधार शिविरमा जाने पर्यटक बढे

पोखरापत्र संवाददाता
म्याग्दी, १० असार

जिल्लाको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा अवस्थित अन्नपूर्ण प्रथम हिमालको आधार शिविर क्षेत्रको भ्रमणमा आउने पर्यटकको सङ्ख्या बढेको छ । हिमालको आधार शिविर जाने पदमार्गमा होटल सुविधा र पदमार्गको व्यवस्थापनले पर्यटकीय आवागमन बढाएको हो ।



हिमाल आरोहणको इतिहासमा जेठो हिमालका नामले चिनिने अन्नपूर्ण प्रथम हिमालमा सन् १९५० जुन ३ मा फ्रान्सेली पर्वतारोही मौरिस हार्जोगको नेतृत्वमा लुइस लचेनल र दुई नेपाली शेर्पासहित चार जनाले सफल आरोहण गर्नुभएको थियो । हिमाल आरोहण भएको ७५ वर्ष पूरा हुँदा पनि उक्त आधार शिविर जाने पदमार्गको प्रचारप्रसार नभएपछि नारच्याङवासीको अग्रसरतामा पदमार्गको पहिचान र प्रवर्द्धन अभियान थालिएको हो ।

अन्नपूर्ण गाउँपालिका र वडा कार्यालयले पदमार्ग क्षेत्रमा पर्यटन पूर्वाधार निर्माण र पर्यटन प्रवर्द्धनका लागि अभियान सञ्चालन गर्न थालेका छन् । पदमार्गको पहिचान गरी पदमार्ग, आश्रयस्थल, चिया पसल (टिसप), होटललगायत पूर्वाधार निर्माण गरेसँगै प्रचारप्रसार हुन थालेपछि अहिले पर्यटकको आगमन बढेको पदमार्गका अभियन्ता एवं पर्यटन व्यवसायी तेज गुरुङले बताउनुभयो ।

उहाँका अनुसार, गत वर्ष अन्नपूर्ण प्रथम आधार शिविरमा नेपाली र विदेशी गरी करिब १० हजार पर्यटकले भ्रमण गरेका थिए । "यस वर्ष पर्यटकहरू आउने क्रम बढ्दो छ । हिमाल चढ्न आउने पर्यटक विगतका वर्षमा अधिकांश हेलिकोप्टरबाट आधार शिविर पुग्ने गर्दथे । यस वर्ष आरोही पदमार्ग हुँदै आधार शिविर पुगेका छन् । अन्नपूर्ण हीरक महोत्सव आधार शिविरमा मनाइएकाले पनि यस क्षेत्रको प्रचारप्रसार भएको अनुभूति गरेका छौँ", गुरुङले भन्नुभयो ।

अन्नपूर्ण आधार शिविरसम्म पुग्ने यस पदमार्गअन्तर्गत हुमखोला, सन्धीखर्क, गुफाफाँट, भुसकेटमेला र पञ्चकुण्डताल परिसरमा होटल र फुतफुते झरना परिसरमा टिसप सञ्चालनमा आएकाले पर्यटकका लागि सहज भएको पर्यटन व्यवसायी गुरुङले जानकारी दिनुभयो ।

उहाँका अनुसार यहाँका होटलमा ४० देखि ८० जनासम्मले सजिलै खाना र बासबस्न मिल्ने अस्थायी प्रकृतिको बासस्थान बनेपछि आन्तरिक पर्यटक आउन थालेका छन् । यो याममा छ हजारको हाराहारीमा आन्तरिक पर्यटक आएका गुरुङले जानकारी दिनुभयो । विगतका वर्षमा खाना र बस्नका लागि आफैँले बन्दोबस्तीका सामान बोकेर आउनुपर्ने बाध्यता होटल सञ्चालनमा आएसँगै अन्त्य भएको सन्धीखर्कमा होटल सञ्चालन गर्दै आउनुभएका माइकल परियारले बताउनुभयो ।

"दुईदिनको यात्रापछि यहाँ पुग्न सकिने यस पदमार्गअन्तर्गत पोखरेबगरबाट हुमखोलासम्मको २० किलोमिटर दूरीमा सडकको पहुँच विस्तार भएको छ । हुमखोलाबाट १६ किमी दूरीमा पदमार्ग बनाइएको छ । हिमाल आरोहणमा सबैभन्दा कठिन मानिने अन्नपूर्ण प्रथम हिमालको आधार शिविर पुग्ने मार्ग सहज बनेपछि अहिले आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढेको छ", उहाँले भन्नुभयो ।

पदमार्गको प्रवेशबिन्दु नारच्याङ गाउँमा घरबास (होमस्टे)को सुविधा छ भने त्यहाँबाट माथि हरेक दुई/दुई घण्टाको अन्तरालमा होटलको सुविधा पुगेपछि पर्यटकका लागि खाना र बसोबासको समस्या अन्त्य भएको पञ्चकुण्डताल परिसरमा होटल सञ्चालन गर्नुभएका अजित सेञ्चुरीले बताउनुभयो । पर्यटकहरूको समस्या हटाउन र स्थानीय पर्यटन व्यवसायमार्फत आयआर्जनमा जोड्ने उद्देश्यले सामूहिक रूपमा लगानी गरेर पदमार्गका विभिन्न स्थानमा होटल सञ्चालन गरिएको उहाँले उल्लेख गर्नुभयो ।

पूर्वाधार निर्माण र सुविधाको विस्तार गर्दै अन्नपूर्ण आधार शिविरलाई सुरक्षित, साहसिक र उत्कृष्ट गन्तव्यका रूपमा विकास गर्न थालिएको अभियान सार्थक बन्दै गएको स्थानीय पर्यटन व्यावसायी बताउँछन् । हिमालको काखमा रहेको सुन्दर पञ्चकुण्डताल, दर्जनौँ झरना र रमणीय हिमाली भूबनोट यस पदमार्गका मुख्य आकर्षण हुन् । पर्यटकीय सम्भावना भएर पनि ओझेलमा परेको अन्नपूर्ण प्रथम आधार शिविर र मौरिस हर्जोग पदमार्गको प्रचारप्रसार, पूर्वाधार निर्माण र होटलसहित सुविधाको विस्तारका कारण पछिल्लो समय यस क्षेत्रमा पर्यटकको आगमन बढ्न थालेको स्थानीयवासी बताउँछन् ।

# बुल्समेन क्लबको सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १० असार




शारीरिक सुगठन खेलमा नेपालकै चर्चित क्लब बुल्समेन क्लबले पहिलो पटक पोखरामा हुन लागेको उक्त प्रतियोगिताका लागि आर्थिक सहयोग गरेको छ ।

क्लबका संस्थापक एवं समाजसेवी इश्वर गुरूङले क्लबको तर्फबाट ५० हजार रुपैयाँ सहयोग गरेको छ । क्लबका अध्यक्ष नुना गुरूङ, क्लबका वरिष्ठ सल्लाहकार सन प्रसाद गुरूङ, सचिव उदिम गुरूङले गण्डकी प्रदेश ह्याण्डबल संघका अध्यक्ष केशव पाठकलाई नगद हस्तान्तरण गरे । क्लबका संस्थापक इश्वर गुरूङले यस अघि बुल्समेन क्लबको अक्षयकोष स्थापनार्थ नगद रु १ लाख प्रदान गरेका थिए ।

रकम ग्रहण गर्दै अध्यक्ष पाठकले क्लबका संस्थापक इश्वर गुरूङ, क्लबका अध्यक्ष नुना गुरूङ, सचिव उदिम गुरूङ, वरिष्ठ सल्लाहकार सन प्रसाद गुरूङलगायत बुल्समेत परिवार प्रति आभार प्रकट गर्दै सो सहयोग गण्डकीको युवा खेलाडी उत्पादनका लागि महत्वपूर्ण हुने जनाए । रकम हस्तान्तरण कार्यक्रममा गण्डकी ह्याण्डबल संघकी उपाध्यक्ष शान्ती थापा वैद्य, कार्यसमिति सदस्य विष्णुमाया गुरूङ, कास्की ह्याण्डबलका अध्यक्ष चित्र बहादुर थापालगायतको उपस्थिति रहेको थियो । क्लबले सो रकम प्रदान गरे सँगै बुल्समेन क्लब सहप्रायोजकको रुपमा रहने आयोजक ह्याण्डबल संघले जनाएको छ । सो प्रतियोगिता प्रदेश खेलकुद परिषद गण्डकीको प्रवर्द्धन तथा कास्की जिल्ला ह्याण्डबल संघको प्राविधिक सहयोगमा हुनेछ । महिला राष्ट्रिय ह्याण्डबल प्रतियोगिता करिव चार वर्ष पछि हुन लागेको हो । २०६९ सालमा पोखरामा गठन भएको बुल्समेन क्लबले हरेक दुई वर्षमा शारीरिक सुगठन प्रतियोगिता आयोजना गर्दै आइरहेको छ। चौथो संस्करणको प्रतियोगिता सम्पन्न गरिसकेको क्लबले अब चाँडै नै पाँचौ संस्करणको प्रतियोगिता गर्ने तयारीमा रहेको छ ।

# गण्डकी कप महिला राष्ट्रिय ह्याण्डबल हुँदै

पोखरापत्र संवाददाता
पोखरा, १० असार

पोखरामा प्रथम गण्डकी कप महिला राष्ट्रिय ह्याण्डबल प्रतियोगिता हुने भएको छ ।

गण्डकी प्रदेश ह्याण्डबल संघको आयोजनामा आगामी बिहिबारदेखी राष्ट्रिय महिला ह्याण्डबल प्रतियोगिता हुन लागेको हो । १२ गतेदेखी हुने प्रतियोगितामा कुल ८ टिमको सहभागिता रहनेछ। प्रतियोगितामा आयोजक गण्डकी प्रदेश सहित बागमति प्रदेश, माधेश प्रदेश, लुम्बिनी र कर्णाली प्रदेशको सहभागिता रहनेछ। यस्तै विभागीय क्लब एपीएफ र आर्मीको सहभागिता रहने प्रतियोगिता संयोजक तथा संघका उपाध्यक्ष गिरमान गुरुङले जानकारी दिए । लिगकम नकआउटको आधारमा हुने प्रतियोगिताको विजेताले १ लाख रुपैयाँ, उपविजेताले ५० हजार, तेस्रोले ३० तथा चौथो हुनेले २० हजार रुपैयाँको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने कोषाध्यक्ष कृष्ण सिंह बस्नेतले जानकारी दिए ।

१२ गतेदेखी १४ गतेसम्म सञ्चालन हुने प्रतियोगिता पोखरा रंगशालास्थित पोखरा ह्याण्डबल एकेडेमीको कोर्टमा हुनेछ ।

# गण्डकी प्रदेशस्तरीय कबड्डी प्रतियोगिता सुरु

पोखरापत्र संवाददाता
दमौली, १० असार

गण्डकी प्रदेश कबड्डी सङ्घको आयोजना, प्रदेश खेलकुद परिषद्को आर्थिक सहयोग र जिल्ला खेलकुद विकास समितिको व्यवस्थापनमा सोमबारदेखि दमौलीमा अन्तरजिल्ला कबड्डी प्रतियोगिता सुरु भएको छ ।



प्रतियोगितामा प्रदेशभित्रका तनहुँ, गोरखा, नवलपुर, कास्की, स्याङ्जा, पर्वत, बागलुङ र म्याग्दीको सहभागिता रहेको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष अनिल पण्डितले जानकारी दिनुभयो । उद्घाटन खेल व्यास नगरपालिका-३ बास्केटबल कोर्टमा खेलाइएको थियो भने आज र भोलिका खेल व्यास नगरपालिका-१ फुटसल मैदानमा हुनेछन् । प्रतियोगिताअन्तर्गत पहिलो दिनका पाँच खेल सम्पन्न भएका छन् ।

तनहुँ र स्याङ्जाबीच भएको खेलमा तनहुँ, नवलपुर र म्याग्दीबीच भएको खेलमा नवलपुर, कास्की र गोरखाबीच भएको खेलमा कास्की, बागलुङ र पर्वतबीच भएको खेलमा बागलुङ तथा तनहुँ र नवलपुरबीच भएको खेलमा नवलपुर विजयी भएको छ । गण्डकी प्रदेश कबड्डी सङ्घका अध्यक्ष पवनकुमार प्रजापतिको अध्यक्षतामा भएको खेलमा जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, व्यास नगरपालिकाका उपप्रमुख इन्दिरा दरौलगायत वक्ताले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

# एसिसी यु-१६ क्रिकेट: नेपाल लगातार विजयी

रासस
काठमाडौं, १० असार

नेपालले एसिसी यु-१६ इस्ट जोन कप क्रिकेट प्रतियोगितामा लगातार दोस्रो जित हासिल गरेको छ ।

मलेसियाको कोजल टुन्कु जाफर ओभलमा मंगलबार भएको खेलमा नेपालले जापानलाई ९ विकेटले पराजित गरेको हो । यसअघि नेपालले पहिलो खेलमा सिङ्गापुरलाई ६ विकेटले पराजित गरेको थियो । दुई खेलमा विजयी हुँदै नेपालले चार अङ्क जोडेको छ । नेपाल समूह 'ए' को शीर्ष स्थानमा छ । जापानले पहिलो खेलमा भूटानलाई पराजित गरेको थियो । टस जितेर पहिला ब्याटिङ गरेको जापानले ३४ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै ८० रन बनायो । एकासी रनको लक्ष्य नेपालले १४ दशमलव २ ओभरमा एक विकेट गुमाउँदै पूरा गऱ्यो । नेपालका लागि शिवान्स बजगाईंले अविजित ३८ र प्रसिद्ध जैसीले अविजित ३३ रन बनाए । बलिङतर्फ जापानका लागि केइसी काबायाशीडोगेटले एक विकेट लिए । यसअघि जापानका लागि ब्याटिङ गर्ने क्रममा कप्तान चार्ली हाराहिन्जेले ३६ र गबी हाराहिन्जेले १३ रन बनाए । बलिङतर्फ नेपालका लागि शुभम् खनालले सर्वाधिक पाँच विकेट लिए । त्यसैगरी, अभय यादवले दुई तथा सुशीलबहादुर रावल र कप्तान विपिनप्रसाद शर्माले एक एक विकेट लिए । प्रतियोगितामा नेपालसहित १० टोलीको सहभागिता रहेको छ । समूह 'ए' मा नेपालसहित सिङ्गापुर, इण्डोनेसिया, भुटान र जापान तथा समूह 'बी' मा आयोजक मलेसियासहित हङकङ, माल्दिभ्स, थाइल्याण्ड र म्यानमार रहेका छन् । नेपाल हालसम्म सम्पन्न तीनवटा संस्करणको च्याम्पियन हो ।

नेपालले तेस्रो खेलमा यही असार १५ गते इण्डोनेसियासँग तथा चौथो खेल असार १७ गते भुटानसँग खेल्ने छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २८ आरुपाटा-इन्द्रेणी प्रा.वि. जाने बाटो स्तरोन्नति योजना निर्माण कार्य गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुमा जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

योजनाको नामः आरुपाटा-इन्द्रेणी प्रा.वि. जाने बाटो स्तरोन्नति योजना
ठेगानाः पोखरा-२८, कास्की
योजना शुरु हुने मिति : २०८१/११/१३ गते
योजना सम्पन्न हुने मिति : २०८२/०२/१५ गते
योजनाको कुल लागत : रु. ११,७६,४२७/-
महानगरपालिकाबाट प्राप्त : रु. १०,००,०००/-
उपभोक्ता समितिबाट : रु. १,७६,४२७/-
उपभोक्ता समिति अध्यक्षः राम प्रसाद लामिछाने
मो.९८४६५२१५५५
जम्मा सदस्य संख्या : ३७

**आरुपाटा-इन्द्रेणी प्रा.वि. जाने बाटो स्तरोन्नति उपभोक्ता समिति पोखरा-२८, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५ स्थित पटनेरी सिताघाट ओरालो बाटो निर्माण कार्य गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुमा जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

योजनाको नामः पटनेरी सिताघाट ओरालो बाटो
ठेगानाः पोखरा-१५
योजना सम्झौता मिति : २०८२/०२/०१ गते
योजना शुरु मिति : २०८२/०२/०२ गते
योजना सम्पन्न हुने मिति : २०८२/०२/३१ गते
योजना सम्पन्न मितिः २०८२/०२/३०
योजनाको कुल लागत : रु.३,२३,७५६.२८
महानगरपालिकाबाट प्राप्त : रु. २,७५,०००/-
उपभोक्ता समितिबाट : रु. ४८,५२९.४१
उपभोक्ता समिति अध्यक्षः गिता भण्डारी मो.९८४६२६९१७६
उपाध्यक्षः गोविन्द बहादुर थापा, सचिवः मोहन बहादुर भण्डारी
कोषाध्यक्षः सुरेस बानिया

**पटनेरी सिताघाट ओरालो बाटो निर्माण उपभोक्ता समिति पोखरा-१५, कास्की**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ अम्बोट तोरीको पोल पिपल बोट हुँदै वडा नं. वरबोट सम्मको बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : अम्बोट तोरीको पोल पिपल बोट हुँदै वडा नं. वरबोट सम्मको बाटो निर्माण
उपभोक्ता समितिको नाम : अम्बोट तोरीको पोल पिपल बोट हुँदै वडा नं. वरबोट सम्मको बाटो निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की
योजना सम्झौता मिति : २०८१/११/०८ गते
योजना सुरु मिति : २०८१/११/०९ गते
योजना सम्पन्न भएको मिति : २०८२/०२/२५ गते
महानगरपालिकाबाट : रु. १५,००,०००/-
जनसहभागिता : रु. २,६५,००९/२९
योजनाको कुल लागत : रु. १७,६५,००९/२९

**हर्क बहादुर रानाभाट**
**अध्यक्ष**
**अम्बोट तोरीको पोल पिपलबोट हुँदै वडा नं. वरबुट सम्मको बाटो निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की**

## कर्मचारी आवश्यकता

यस सहकारी संस्थाको लागि रिक्त रहेको निम्न पदका लागि तपसिल बमोजिमको योग्यता भएका व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**पद** : व्यवस्थापक
**आवश्यक संख्या** : १ (एक) जना
**उमेर** : १८ वर्ष पुरा गरी ४५ वर्ष ननाघेको
**आवश्यक न्यूनतम योग्यता** : विविए उर्तिण वा सो सरह, सहकारी वा वित्तिय क्षेत्रमा कार्य गरेको, चालक अनुमति पत्र प्राप्त भएको, कम्प्युटर सम्बन्धि राम्रो ज्ञान भएको । (साधन भएकालाई विशेष प्राथमिकता)
**आवश्यक कागजातहरु** : हस्तलिखित निवेदन, व्यक्तिगत विवरण, नागरिकता, शैक्षिक योग्यताको प्रमाण पत्र, कम्प्युटर सम्बन्धि तालिमको प्रमाणपत्र, पासपोर्ट साइजको फोटो २ थान सवारी चालक अनुमति पत्रको प्रतिलिपि ।
**दरखास्त दिने स्थान** : संस्थाको कार्यालय पोखरा-९, (पृथ्वीचोक) कुन्ति मलको दोस्रो तला
**दरखास्त पेश गर्ने अन्तिम मिति** : २०८२/०३/१७ गते कार्यालय समय सम्म
**छनौटको किसिम** : लिखित प्रयोगात्मक र अन्तर्वार्ता
**पारिश्रमिक** : संस्थाको नियम अनुसार

सम्पर्क
**पवित्र वचत तथा ऋण सहकारी संस्था लिं.**
**पोखरा-९, पृथ्वीचोक, कुन्ति मल, फोन नं. ०६१-५७१०६३**